# महाराजगंज नगरपालिका

कपिलवस्तुद्वारा प्रकाशित

---

# स्थानीय राजपत्र

---

खण्ड:– ३    संख्या:– २    मिति:– २०७६।०३।२२

---

भाग:– १

## महाराजगंज नगरपालिका

कपिलवस्तु, प्रदेश नं. ५

---

## महाराजगन्ज नगरपालिकाको विनियोजन ऐन २०७६
## महाराजगञ्ज नगरपालिकाको खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०७६

---

नगर सभाबाट पारित मिति:– २०७६।०३।२२

प्रमाणीकरण मिति:– २०७६।०३।२२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम महाराजगंज नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

Scanned with CamScanner

# महाराजगंज नगरपालिका, कपिलवस्तुको विनियोजन ऐन, २०७६

**प्रस्तावनाः**

महाराजगंज नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "महाराजगंज नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.८५,२३,४७,०००।०० (अक्षेरुपी रु.पचासी करोड तेइसलाख सैतालिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष२०७६।०७७को निमित्त महाराजगन्ज नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समितिर विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वाएक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्चर वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

Scanned with CamScanner

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ भए पश्चात संघीय सरकार, प्रदेश सरकार एवम अन्य निकायबाट प्राप्त हुने सशर्त तथा निशर्त रुपमा हस्तान्तरण हुन सक्ने वित्तिय श्रोतको विनियोजन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

## संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र. सं. | आय शिर्षक | प्रस्तावित आय | क्र. सं. | व्ययशिर्षक | प्रस्तावित व्यय |
|---|---|---|---|---|---|
| १ | अनुमानित अल्या | १२९५०० | १ | आर्थिक विकास, कृषि | ३७०० |
| २ | राजस्व नेपाल सरकार | ११९७०० | २ | आर्थिक विकास, पशु | १६५० |
| ३ | नेपाल सरकारबाट सामानीकरण | १५४५०० | ३ | आर्थिक विकास,पर्यटन | ७८०० |
| ४ | शर्सत अनुदान नेपाल सरकार | २०८६०० | ४ | सामाजिक विकास शिक्षा | १६७२६ |
| ५ | प्रदेश सरकारबाट सामानीकरण | ४७८८ | ५ | सामाजिक विकास, स्थास्थ्य | ३१८९४ |
| ६ | प्रदेश सरकार राजस्व अनुदान | ८२५५ | ६ | सा.वि.खानेपानी तथा सरसफाइ | १०६०० |
| ७ | प्रदेश सरकार शर्सत अनुदान | ११००० | ७ | सा.वि.खेलकुद तथा मनोरन्जन | ५०० |
| ८ | जिल्ला समन्वय समिति साझेदारी | ३१५०० | ८ | सा.वि.लैगिक समानता तथा सामाजिक समावेशिकरण | ३७१५ |
| ९ | बहु क्षेत्रिय पोषण कार्यक्रम | १८८७ | ९ | पुर्वाधार विकास, सडक पुल | १८१६०० |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १० | आन्तारिक राजस्व | ३००४२ | १० | पूर्वाधार विकास, संचार | १००० |
| ११ | सामाजिक सुरक्षा भत्ता | १५१३८५ | ११ | पूर्वाधार विकास, वैकल्पिक उर्जा | १००० |
| १२ | युनिसेफ | ११९० | १२ | पूर्वाधार विकास, मर्मत | २०००० |
| | | | १३ | पूर्वाधार विकास, सिंचाइ | २६५०० |
| | | | १४ | वातावरण तथा विपत व्यवस्थापन | २२०० |
| | | | १५ | संस्थागत विकास, सुशासन | १४९०० |
| | | | १६ | वडा विकास | ८२५०० |
| | | | १७ | शशर्त अनुदान | ३७४०६२ |
| | | | १८ | चालु खर्च | ७२००० |
| | **जम्मा आम्दानी** | ८५२३४७ | | **जम्मा खर्च** | ८५२३४७ |

प्रमाणीकरण मितिः २०७६/०३/२२

प्रमाणित गर्ने

**अब्दुल कलाम**

(नगर प्रमुख)

महाराजगंज नगरपालिका, कपिलवस्तु

Scanned with CamScanner